सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



दुधमती मिडिया प्राली द्वारा संचालि हाजिरी जवाफ प्रतियोगितामा गंगोत्री स्कूल प्रथम। पेज ४

♦ वर्ष ७ ♦ अंक ३८ ♦ २०८० साल असोज २३ गते मंगलवार ♦ 10 Oct 2023 ♦पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

# अब कहिल्यै पूरा हुनेछैन आनन्दको त्यो सपना

## आनन्दको बुवा-आमाको आनन्द इजरायल मा बिलिन भयो



**अजयकुमार साह**

**असोज २२ गते, महेन्द्रनगर**

'हम संकल्प करैछी हम अपना जीवन मे एक करोड गाछी रोप्बै और एगो अक्सिजन प्रोडक्सन उद्योग खोल्बै । ओई के नाम रहतै ब्रह्मदेव आर बीएसएस आनन्द अक्सिजन प्रोडक्सन उद्योग । साथे एगो सुविधा सम्पन्न अस्पता खोल्बै और ओई मे कोनो भेदभाव नै होतै ।'

अर्थात 'म संकल्प गर्दैछु कि आफ्नो जीवनमा एक करोड वृक्षारोपण गर्छु, गाँउमा एक अक्सिजन उद्योग खोल्छु जसको नाम रहन्छ ब्रह्मदेव आर बीएसएस आनन्द अक्सिजन प्रोडक्सन उद्योग साथै एउटा सुविधा सम्पन्न अस्पताल बनाउछु जस्मा कसैलाई विभेद हुनेछैन ।'

इजरायलमा मारिएका दश नेपालीमा परेका धनुषा सपहीका आनन्दको अन्त्य पछि उनको परिवारबाट सारा आनन्द हराएको छ। तीन कान्छी बहिनी, बुवा , आमा र हजुरआमाको मुटुको टुक्रा घरका जेठा सन्तान आनन्दको मृत्युको खवरले आनन्दको परिवार मात्र हैन सारा गाउँ नै शोकमा डुवेको छ ।

पुत्रवियोगमा आनन्द साहका पीता सोमन साहको आँशु रोकिएको छैन भने आमा शुभकली साहको वाक बन्द भएको छ ।

लहलाउँदो लक्का जवान छोर ाको मृत्युको खबर सुनेसँगै बुवा सोमन र आमा शुभकली रुदा रुदा मुर्छा पर्ने गरेका छन् । ७० वर्षीया हजुरआमा बसमतिया देवी, जेठी बहिनी सुनिता, हमर दुखके दिन दुर हेतै हौं । केकरा हम बेटा(बेटा कहबै हौं ।' (ए बाबु , अब हाम्रा दुःखका दिन कसरी हट्छ । कसलाई हामीले छोरा भन्ने ?)

इजरायल जानु अघि हजुरआमा बसमतियाले घर बनाऊ, बिहे गर भनेर आनन्दलाई भनेकी थिइन् । 'म पढाइ सकेर फर्किएपछि ठूलो घर बनाउँछु, अनि बिहे गरेर बुहारी भित्र्याउँछु । तबसम्म बाँचिर हनु दादी भनेर आश्वासन दिएका थिए,, हजुरआमा(नाति बीचको सम्वाद सुनेका काका मिथिलेशले भने ।

कक्षा पाँच सम्म लक्ष्मीनिया गाउँपालिका स्थित स्थानिय अक्सफोर्ड अंग्रेजी स्कुलमा पढेका आनन्द कक्षामा सधै प्रथम हुन्थे । जनकपुरधामको एन्जल्स स्कुलबाट एलएलसी र मिट लक्ष्मीनिया गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष रमेश कुमार साहका अनुसार दुई दिनअघि शुक्रवार आनन्दसँग उनका बहिनीहरूले फोनमा कुर ाकानी गरेका थिए । तर त्यो दिन उनको आमा बुवासँग कुरा हुन सकेको थिएन', साहले थपे, 'शनिवार आमा बुवासँग कुरा गर्छु भनेका आनन्दसँग कुरा गर्न आमा बुवाले शनिवार देखि नै फोन गरे पनि फोन त बजेको छ। तर आज आइतबार सम्म पनि फोन उठेन ।'

शनिवार इजरायलमाथि हमासको हमलाको खबर आयो। लगत्तै केही नेपाली घाइते पनि भएको समाचार बाहिरि एपछि परिवारमा छटपटि बढ्यो ।

इजरायलमा हमला भएको दिन शनिवार नै आनन्दका दिदीले





पुत्र वियोगमा अर्धचेत अवस्थामा बुवा-आमा

यी वाक्यांश २७ दिनअघि गत भदौ २६ गते धनुषाको लक्ष्मीनिया गाउँपालिका(४ सपही का २२ वर्षीय आनन्द साह कृषि अध्ययनपछि टु लर्न टु वर्क भिसामा कृषि तालिमका लागि इजरायल उड्नु अघि आफ्नो फेसबुकमा लेखेको स्टाटस हो ।

उनको यो सपना अब कहिल्यै पुरा हुँदैन। इजरायलमा किबुज अलुमिममा बिद्रोही समूहको आक्रमणबाट आनन्द अब कहिल्यै नफर्किने ठाउँ पुगेका छन्। उनको बिद्रोही समूहको आक्रमणमा परेर मृत्यु भएको छ।

उनको मृत्यु संगै उनको सबै सपना चकनाचुर भएको छ। माहिली बहिनी सरस्वती र कान्छी बहिनी आरती साह पनि पीडाले अचेत अवस्थामा छन्। घर छेउको सडक छेउमा एक छिमेकीको घरको बरन्डामा आनन्दकी कान्छी बहिनी आर तीलाई स्लाइन पानी सहित र ाखिएको छ ।

गाउँलेहरुले उनिहरुलाई सम्झाउँदै चित्त बुझाउने प्रयास गरेपछि होसमा आउने परिवार का सदस्यहरुमा रुवाबासी रोकिएको छैन् । गाउँका सबैजसोको आँखा रसाएको छ। आनन्दको घटना सुनेर सिङ्गो गाउँ नै शोकमा डुबेको छ ।

बुबा सोमन होशमा आउने बित्तिकै छाती ठोक्दै विलाप गर्छन्, 'हौ बौवा, आब केना क्याम्पसबाट प्लस टु गरेका उनले टिकापुरबाट पुर्ण छात्रवृतिमा विएससीएजी पढेका थिए ।

विएससीएजीको पढाई पछि आनन्द पाँच महिनाका लागि ईन्टर्नशिपमा डडेलधुरा गएका थिए । त्यहाँबाट उनको इजर ायल जाने निधो भयो । टु लर्न टु वर्क भिसामा इजरायल पुगेका थिए।

घरबाट विदा हुँदै गर्दा उनले आमालाई कृषि तालिम सकेर चाँडै घर फर्किने बचन दिएका थिए । अन्तिम पटक एक साताअघि आमासँग कुरा गर्दा पनि उनले उही कुरा दोहोयाए, 'पीर नगर्नु आमा, म चाँडै आउँछु ।'

फोन गरेकी थिइन्। तर, फोनको घण्टी बजे पनि उठेन । पटक पटक प्रयास गर्दा पनि फोन नउठेपछि मनमा चिसो पस्यो । छटपटि झनै बढ्यो। आइतबार पनि उनको फोनमा रिङ जाने तर फोन उठेन । आइतवार साझ १० जना नेपाली विद्यार्थीमा आनन्दको पनि मृत्यु भएको इजरायलका लागि नेपाली राजदूत कान्ता रेग्मीले पुष्टि गरिन् ।

आइतबार बेलुका परराष्ट्र मन्त्रालयले इजरायल र प्यालेस्टिनी लडाकु समूह हमासबीचको पछिल्लो लडाइँ मारिएका नेपालीको नाम सार्वजनिक गर्दा आनन्दको नाम सातौं नम्बरमा थियो। मृतकको सूचि हेर्ने बित्तिकै परिवारमा रुवावासी चल्यो । बुवा आमा संगै सारा परिवार अझै अर्धचेत अवस्थामा छन् ।

आनन्दको मृत्युको खबरले उनको परिवारसँगै सिङ्गो सपही शोकमा डुबेको छ। चाँडै घर फर्कने बताएका आनन्दको शव कुरेर परिवार बसिरहेको छ । 'कमाउने बेलाको छोरा बित्यो, हामी शोकमा छौं,' बुवा सोमन साहले भने, 'शव उता जति दिन बस्यो त्यति पीडा हुन्छ, राज्यले चाँडै ल्याइदेओस् ।'

निम्न मध्यमवर्गीय परिवारका सदस्य आनन्द कृषि पढ्नका लागि कैलालीको टीकापुर स्थित सुदूरपश्चिम विश्वविद्यालय पुगेका थिए ।

आनन्दका बुवा सोमनका अनुसार विएससीएजीको पढाई पछि आनन्द पाँच महिनाका लागि ईन्टर्नशिपमा डडेलधुरा गएका थिए । त्यहाँबाट उनको इजरायल जाने निधो भयो । टु लर्न टु वर्क भिसामा गएका उनले आफुलाई चौरीमा लेमन ( कागती) र त्यसका झारपात तोडने काममा लगाइएको बताएका थिए। बस्न प्रति महिना सात सय र कलेजका लागि पाँच हजार ८८ अमेरिकी डलर यहाँ आएपछि मांग गर्न थालेको पनि उनले अभिभावकलाई सुनाएका थिए ।

एक्लो छोरा भएकाले अभिभावकले फर्किन आग्रह

*बाँकी पृष्ठ २ मा*

# अब कहिल्यै पूरा...



गरे तर उनले १० महिना हेर्ने कमाएर पैसाको जोहो गर्ने र त्यसपछि निर्णय लिने भन्दै अभिभावकलाई सम्झाउदै आएका थिए । शनिवारबाट उनको फोन उठन छोडेपछि परिवारजनको जमिन खस्कियो र त्यसपछि आएको समाचारले उनको परिवार क्षतविछत भएको छ ।

आनन्दका बुवाको अनुसार टिकेटमा ८५ हजार, पासपोर्टमा ३५ हजार, मेडिकलमा १० हजार र किनमेलमा ६० हजार गरि करिव अढाई लाख खर्च गरेर आनन्द त्यहाँ पुगेका थिए ।

आनन्दकी माइली बहिनी पुनिता साहको धनुषाको दिगम्वरपुरमा विवाह भएको छ भने साइली बहिनी सरस्पती साह बिबिए पढि रहेकि छन् । कान्छी बहिनी आरती दाजु जस्तै सपही स्थित सिटिईभिटीमा पूर्ण छात्रवृतिमा भेटनरी पढीरहेकी छिन् ।

पराल र माटोको छार्पोमा बसेर पनि बुवालाई सम्झाएर तिजैजना बहिनीलाई समेत उच्च माविको शिक्षा सम्म पढाइरहेका घरका समझदार अभिभावक आनन्दको देहवसान पछि परिवार आनन्दित रहने कुनै भएन ।

## स्थानीय द्वारा सडक अबिलम्ब शव ल्याउन माग गर्दै प्रदर्शन

आनन्द जस्ता नेपालका होनहार युवाहरुलाई गलत प्रलोभनमा पारेर विदेश पठाइएको र हत्या हुँदा पनि सरकार मौन बसेको भन्दै सपही गाँउवासी ढल्केवर (जनकपुरधाम राजमार्गमा प्रदर्शन समेत गरे । एक सप्ताह भित्र आनन्दको शव र उचित राहत तथा क्षातिपुर्तीको व्यवस्थापन नभए कडा आन्दोलन गर्ने सोमवार एक घण्टा सडक जाम गरेका युवाहरुको चेतावनी छ ।

हत्याको समाचारहरु आइसकेको भएपनि राज्यका कुनैपनि निकाय आनन्दको घरमा अहिले सम्म सम्पर्क समेत नगरेको र भेटन पनि नआएको भन्दै युवाहरु आक्रोसित छन् ।

# मङ्गलबार राष्ट्रिय शोक मनाउने घोषणा

## इजरायलमा मृत्यु भएका नेपालीको परिवारलाई १० लाख राहत

**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, काठमाण्डौं**

सरकारले मङ्गलबार राष्ट्रिय शोक मनाउने घोषणा गरेको छ ।

सोमबार अपराह्न बसेको मन्त्रिपरिषद् बैठकले इजरायलमा मृत्यु भएका नेपालीको शोकमा मङ्गलबार राष्ट्रिय शोक मनाउने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले हमासको आक्रमणमा परी ज्यान गुमाएकाको परिवारलाई १०/१० लाख राहत दिने निर्णय पनि बैठकले गरेको जानकारी दिनुभयो ।

इजरायलमा नेपालबाट इन्टर्नमा गएकामध्ये १० विद्यार्थीको मृत्यु भएको थियो । केही घाइते छन् । बङ्करमा लुकेर रात बिताइरहेकाहरूले उद्धारको याचना गरेका छन् ।

मन्त्री शर्माका अनुसार सरकारले इजरायलमा द्वन्द्वग्रस्त ठाउँमा रहेका नेपाल फर्किन चाहने नेपालीलाई यथाशीघ्र ल्याउन काम गर्ने निर्णय गरेको छ ।

## मन्त्रिपरिषद् बैठकका निर्णयहरु:



१. मिति २०८० असोज २० गते दक्षिण इजरायलको किबुज अलुमिया भन्ने स्थानमा प्यालेष्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १० (दश) जना नेपालीको दुःखद् निधन भएकोमा मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने र घाइते भएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

२. यस अकल्पनीय घटनामा दिवङ्गत हुनुभएका नेपालीहरुप्रति सम्मान व्यक्त गर्न २०८० असोज २३ गते राष्ट्रिय शोक घोषणा गरी देशभरका सरकारी कार्यालय र विदेशस्थित नेपाली नियोगहरुमा राष्ट्रिय झण्डा आधा झुकाउने ।

३. परराष्ट्र मन्त्रालयले इजराजयल सरकारसँग समन्वय गरी यस घटनामा निधन भएका नेपालीहरुको शव यथाशीघ्र स्वदेश ल्याउने ।

४. यस घटनामा निधन भएका नेपालीहरुको परिवारलाई र ाहतस्वरप प्रति परिवार दश लाख रुपैयाँ उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृहमन्त्रालयमार्फत निकासा दिने ।

५. इजरायलस्थित नेपाली दूतावासले इजरायल सरकारसँगको समन्वय र सहयोगमा यस घटनामा परी बेपत्ता भएका नेपालीको खोजीमा तीब्रता दिने एवम् घाइतेहरुको तत्काल उपचारका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

६. इजरायलस्थित नेपाली दूतावासले स्वदेश फर्कन चाहने नेपालीहरुको विवरण अनलाइन प्रणालीमार्फत संकलन गरी तत्काल परराष्ट्र मन्त्रालयमा पठाउने । स्वदेश फर्कन चाहने इजरायलमा रहनुभएका नेपालीहरुलाई उक्त प्रणालीमा आफ्नो विवरण तत्काल प्रविष्ट गर्न अनुरोध गर्ने ।

७. अध्ययनलगायत अन्य प्रयोजनका लागि इजरायलमा रहेका नेपालीहरुलाई नेपाल आउन चाहेमा नेपाल सरकारले नेपाल एअर लाइन्स र हिमालय एअरलाइन्सको विमान चार्टर गरी यथाशीघ्र ल्याउन प्रबन्ध गर्ने ।

८. इजरायलमा रहेका नेपालीहरुको उद्धार तथा स्वदेश फिर्तीमा सहयोग गर्न हिब्रु भाषा जान्ने स्थानीय व्यक्तिलाई बढीमा ३ ( तीन) महिनाका लागि काममा लगाउन इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने ।

९. इजरायलस्थित नेपाली दूतावासले इजरायलको जोखिमयुक्त क्षेत्रबाट नेपालीहरुको सुरक्षित उद्धार गर्न समन्वय र सहजीकरण गर्ने । नेपाल फर्कन चाहने नेपालीहरुलाई नेपाल फर्काउने अवधिसम्म अस्थायी ट्रान्जिट होम स्थापना गरी व्यवस्थापन गर्न इजरायलस्थित नेपाली दूतावासलाई स्वीकृति दिने ।

१०. इजरायलमा रहेका नेपालीहरुको उद्धारको लागि आवश्यकताअनुसार इजरायल सरकार एवं छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुसमेतको सहयोग लिने ।

११. यस घटनाका सम्बन्धमा मानवीय संवेदनशीलता, परिवारजनमा पर्ने मानसिक आघात तथा समाजमा पर्ने असरसमेतलाई ध्यानमा राखी असान्दर्भिक र असंवेदनशील सामग्रीहरु सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत प्रवाह नगर्न र आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्न सबैमा आह्वान गर्ने ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# स्वास्थ्य तथा जनसंख्या मन्त्री सिंह द्वारा स्वास्थ्य संस्था दर्ता, नविकरण तथा नियमनको लागि निर्देशन



**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, जनकपुरधाम**

मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरेन्द्र प्रसाद सिंहले प्रदेश भरिका स्वास्थ्य संस्था दर्ता, नविकरण तथा नियमनको लागि निर्देशन दिएका छन् ।

सोमवार बसेको मन्त्रालयका स्वास्थ्य महाशाखाको बैठकमा मन्त्री सिंहले प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट ईजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनु पर्ने संस्थाहरुले सो अनुसार अबिलम्ब गर्न गराउनको लागि निर्देशन दिएका हुन् ।

सम्बन्धीत संस्थाहरुले १५ दिन भित्र दर्ता , नविकरण गरिसक्नु पर्ने र अटेर गरे अनुगमनको क्रममा फेला परे कारबाही गरिने बताउँदै मन्त्री सिंहले कुनै पनि किसिमको त्यस्ता स्वास्थ्य संस्थामा घटना भए त्यसको जिम्मेवार स्वयं संचालक हुने बताए ।

मन्त्री सिंहले दिएको जानकारी अनुसार प्रदेश सरकार मातहतबाट ईजाजत लिनुपर्ने र नवीकरण गराउनु पर्ने स्वास्थ्य संस्थाहरुमा २५ देखि २०० शैयया सम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शैयया सम्मका आयुर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक, आँखा उपचार केन्द्र, सी बर्गको प्रयोगशाला, ख श्रेणीको रेडियो इमेजिंग सेन्टर, २५ शैयया सम्मका डायलासिस केन्द्र, २५ शैयया सम्मका पुनर्स्थापना केन्द्र र हस्पिस सेन्टर रहेका छन् ।

यस प्रकारका प्रदेश भित्रका संस्थाहरुको अनुगमन तथा नियमन गर्नको लागि डा. कृष्णदेव दास(केडी दास) को संयोजकत्वमा ७ सदस्यीय स्वास्थ्य संस्था अनुगमन उपसमिति समेत गठन गरिएको छ।

समितिमा डा. जितेन्द्र ठाकुर उपसंयोजक तथा सदस्यहरुमा डा. रजनी सिंह, श्री शिवानी कार्की, सन्तोष यादव, संजुकुमारी यादव र सन्तोष कुमार ठाकुर सदस्य सचिव रहेका छन् ।

समितिले सोमवार देखि आफ्नो काम सुरु गरिसकेको संयोजक डा. केडी दासले जानकारी दिए ।

बैठक मन्त्रालयका स्वास्थ्य महाशाखाका प्रमुख डा.इन्द्रजित रजकको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# स्रोत नखुलेका दुई लाख रुपैयाँ बरामद

**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, महेन्द्रनगर**



नेपाल-भारत सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको दुई लाख एक हजार भारतीय रुपियाँ बरामद गरेको छ । बरामद भएका भारतीय नोटमा पाँच सय दरका ३७० थान तथा दुई सय दरका ७० थान रहेको महोत्तरीको जलसागरस्थित सशस्त्र प्रहरी बल नेपाल नं ९ गण हेड क्वार्टरले जनाएको छ ।

जलेश्वरस्थित सीमा सुरक्षा गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक गोविन्द पोखरेल तथा बोर्डर आउट पोष्ट मटिहानीका सशस्त्र निरीक्षक भोलाकुमार श्रेष्ठको कमाण्डमा खटी गएको संयुक्त टोलीले मटिहानी-७ स्थित दश गजा क्षेत्रमा सुरक्षा चेकजाँच गर्ने क्रममा उक्त नोट बरामद भएको हो ।

सीमापारीको मधवापुर बजार बाट प्र २-०२-००१ प ९७५४ नंको मोटरसाइकल चढेर मटिहानीतर्फ आउँदै गरेका अपरिचित व्यक्तिले दशगजा नजिक सशस्त्रले चेकजाँच गरेको देखेपछि मोटरसाइकल छाडी भारततर्फ भागेका थिए । सशस्त्र प्रहरीले शङ्का लागि मोटर साइकल तलासी गर्दा कालो रङ्को ब्याग फेला परेको र त्यसभित्र जतनसाथ राखिएको अवस्थाममा उक्त नोट बरामद भएको जलसागरस्थित सशस्त्र हेडक्वार्टरका एसपी लेखनाथ खनालले बताउनुभयो ।

सशस्त्रले मोटरसाइकल नियन्त्रणमा लिएको छ भने बरामद नोट पथलैयास्थित राजस्व चुहावट एकाइ बुझाउने तयारी गरेको जनाएको छ ।

# मिथिला नगरपालिका भित्रको क्रसरलाई कागजात बुझाउन तीनदिने अल्टिमेटम



**खबर दर्पण समाचारदाता**

**असोज २२ गते, जनकपुरधाम**

मिथिला नगरपालिकामा अवैध रुपमा सञ्चालित क्रसर उद्योगहरुलाई कागजात बुझाउन तीन दिने अल्टिमेटम दिइएको छ ।

आइतवार मिथिला नगर पालिकाका मेयर महेन्द्र महतोले प्रहरीको सहयोगमा गरेको अनुगमनमा नगर भित्र सञ्चालित ती क्रसर उद्योगहरु अवैध रुपमा संचालित रहेको पाइएपछि तीन दिनभित्र वैद्यता सहित नदीजन्य पदार्थ कहाँबाट ल्याइएको सप्रमाण कागजात बुझाउन अल्टिमेटम दिएका छन् ।

नगरपालिकाको वडा नम्बर २, ३, ५ र १० मा संचालित १० वटा क्रसर उद्योगमा अनुगमन गरिएको हो । मेयर महतोले जनाए अनुसार वडा नम्बर २ स्थित शुभम बालुवा प्रशोधन उद्योग, वडा नं। ३ स्थित वनदेवी बालुवा प्रशोधन उद्योग, रोहन बालुवा प्रशोधन उद्योग, औरहीबाबा बालुवा प्रशोधन उद्योग, जयशिव भोले बालुवा गिट्टी वासिङ्ग उद्योग, चुरियामाई बालुवा प्रशोधन उद्योग, वडा नं। ५ स्थित चुरियामाई बालुवा प्रशोधन उद्योग र वडा नं। १० मा रहेको धनेश्वर क्रसर उद्योग, जय बजरंग बालुवा प्रशोधन उद्योग र सुमित क्रसर उद्योगमा अनुगमन गरिएका हो ।

अनुगमन गरिएका क्रसर उद्योगमा केही बिना प्यान दर्ताको, केही एउटै नाममा दुई/तीनवटा र केही संस्था उद्योग दुईवटा भएपनि बिल चाहिं दुवैको संयुक्त नाम जोडेर कारोबार गर्ने गरेको पाइएको छ । वनदेवी र औरही बाबा बिना दर्ताकै दुई/दुईवटा उद्योग भएपनि वनदेवी औरही बाबा बालुवा प्रशोधन उद्योगको बिल रसिदबाट कारोबार गर्ने गरेको पाइएको मेयर महतोले बताए । यी १० वटै क्रसर उद्योगहरु औरही खोला र जलाध खोलाबाट उत्खन्न गर्दै आएको बताइएको छ ।

अनुगमन पश्चात मेयर महतोले भने खोला नदीमा चोरी छिपे भइरहेको बालुवा गिट्टी सहितको अवैध उत्खन्न पता लगाउन क्रसर उद्योगहरुमा अनुगमन गरिएको हो ।

चोरी छिपे अवैध उत्खन्न पता लगाउन गाह्रो भएकाले यी क्रसर उद्योगहरुमा छानबीन थालेका हौं । अनुगमन गरिएका क्रसर उद्योगहरुलाई कहाँबाट बालुवा गिट्टी ल्याएको हो भन्ने कुराको जवाफ मागेका छौं । वैद्यताको प्रमाण सहित उचित जवाफ नदिए ती क्रसर उद्योगहरुलाई दोश्रो चरणमा बन्द गराउनेछौं ।

मेयर महतोले भने गत वर्ष दुई/दुई पटक नदीजन्य पदार्थको उत्खन्नका लागि टेण्डर निकाल्यौं तर कसैलेपनि भरेनन् । टेण्डर भरिएन तर चाहिं नदी खोलामा अवैध रुपमा उत्खन्न भइरहेको छ । क्रसर उद्योगहरु पनि राम्रै स्टक गरी संचालनमा देखिएपछि यस्तो कदम चालिएको हो ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**


**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्रढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# सेवाग्राहीको निरीहपनलाई भऱ्याङ बनाएर आन्दोलनमा कर्मचारीहरू




**विशाल बस्नेत**

**असोज २२ गते, बर्दिवास**

आइतवार दिउँसो धनुषा जिल्लाको मिथिला नगरपालिका वडा न.२ मा सिफारिस लिन पुगेका स्थानिय बिरेन्द्र महतो वडा कार्यालयको गेटमा लागेको ताल्चा हेर्दै टोलाईरहेका थिए । गत २५ भदौमा सवारी दुर्घटनामा परेर मृत्यु भएका उन्का भाई जितेन्द्र कुमार महतोको मृत्यु दर्ता गर्दा कर्मचारीले मिति गलत लेखेपछी संशोधन गर्न दिउँसो झण्डै १ बजे बिरेन्द्र वडा कार्यालय पुगेका थिए ।

उनी त्याहा पुग्दा कतै विदाको सुचना पो लेखेको छ कि भनेर यताउता हेरे तर बाहिर र भित्र ताल्चा वाहेक केहीपनी देखिदैन्थ्यो ।

प्रहरीले दिएको रिपोर्ट अनुसार जितेन्द्रको मृत्यु उपचारको क्रममा २६ भदौमा भएको थियो तर मृत्युदर्तामा भने २५ भदौमा उल्लेख गर्दै प्रमाणपत्र वनाएपछी उन्लाई जिल्ला प्रशासन कार्यालय धनुषाले पुनः वडामा पठायो । रिक्सा चलाएर जिविकोपार्जन गर्दै आएका बिरेन्द्रले यस्तै कागजात वनाउन मात्र वडामा हप्ता दिन खर्चिसकेका छन । कर्मचारीहरुको असावधानीका कारण सामान्य बिषयमा विचार नपुऱ्याउदा पटकपटक सास्ती खेप्दै आएका बिरेन्द्रलाई आइतवार दिउसोको दृश्यले भने थप हैरान बनाईदियो । प्रशासन कार्यालयले भनेअनुसार कागजहरु संशोधन गर्न आएका बिरेन्द्रले कर्मचारी आन्दोलनको कारण आफ्नो काम अझै केही दिन नबन्ने देखेपछी निराश बनेर घर फर्किए ।

अहिले मधेश प्रदेशका स्थानिय तहका अधिकाशं सेवाग्राहीहरुका समस्या बिरेन्द्रको जस्तै छन । वडा कार्यालयमा ठुला ताल्चा लगाएर प्रायः कर्मचारीहरु पालिकामा धर्ना मात्र हैन नाचँगान समेत गरिरहेको भेटिन्छन ।

एउटा सानो सिफारिसको कारण समस्या झेल्दै आएका सर्वसाधारणको संवेदनशीलता भन्दा बढी आन्दोलनको नाममा रमाईलो गरिरहेका कर्मचारीहरुको हर्कतले सरकारको सुशासनलाई नै गिज्याईरहेको सर्वसाधारण वताउछन ।

संघिय संसदमा पेश हुन लागेको संघिय निजामती सेवा बिधेयकले स्थानिय सरकारमा कार्यरत कर्मचारीप्रती विभेद गरेको भन्दै स्थानिय तहका कर्मचारी अहिले आन्दोलनमा छन् ।

सिक्षक आन्दोलन कै स्वरुपलाई समातेर आन्दोलनको चरणमा रहेका स्थानिय तहका कर्मचारीहरुले सेवाग्राहीहरुलाई नै आन्दोलनको भऱ्याङ्ग बनाएका छन् ।

विद्यार्थीहरुको बुई चढेर सरकारलाई दवाव दिएका सिक्षकहरुको आन्दोलन सकिन नपाउदै सेवाग्राहीहरुको काधमा चढेर कर्मचारीको आन्दोलन सुरु भएको स्थानियहरु वताउछन । कार्यालय नै बन्द गरेर आन्दोलनरत कर्मचारीप्रती आक्रोश ब्यक्त गर्दै वडा अध्यक्ष विहारी महतो भन्छन -ञवास्तवमा नै कर्मचारीहरुले सेवाग्राहीहरुको निरिहतालाई स्वार्थ वनाएका छन । यो नितान्त गलत छ ।

यता सेवाग्राहीप्रती पर्न गएको असरलाई ध्यानमा राखी आन्दोलनको स्वरुपको बिषयमा पुनरावलोकन गर्न गाँउपालिका राष्ट्रिय माहासंघ र नगरपालिका संघले आन्दोलनरत कर्मचारी हरुलाई सुझाव दिएको छ ।

तर १९ गतेदेखि नै स्थानिय तह कर्मचारी केन्द्रिय संघर्ष समितिका संयोजक दिपक पौडेलले ७५३ वटै पालिकाका कर्मचारीहरुलाई सेवाग्राहीहरुको काम छाडेर काठमाण्डौ केन्द्रित आन्दोलनमा सहभागी हुन आवहान गरिसकेका छन् ।

सार्वजनिक प्रशासनको अर्थपूर्ण कार्यान्वयनको लागी संघिय निजामती ऐन जारी हुन नसक्दा लामो समयसम्म काम गरेका कर्मचारीहरुको भबिष्य अन्यौल भएको भन्दै स्थानिय तहहरुले समेत ऐक्यबद्धता जनाएका छन् । यसै क्रममा बर्दिवास नगर पालिकाले अत्यावश्यक काम वाहेक सवै कामहरु बन्द गर्ने घोषणा गर्दै २१ गतेवाट आन्दोलनको घोषणा गरेको छ ।

बर्दिवास जस्तै सोमवारसम्म मधेश प्रदेशका १३६ पालिका, १ हजार २७१ वडाका कामहरु ठप्प वनाइने कर्मचारीहरुले जनाएका छन् ।

## दुधमती मिडिया प्राली द्वारा संचालि हाजिरी जवाफ प्रतियोगितामा गंगोत्री स्कूल प्रथम

**खबर दपैण राष्टि**

**असोज २२ गते, बर्दिवास**

दुधमती एफ.एम.१०४ मेगाहर्ज र दुधमती टेलिभिजन फेसबुक पेजबाट एकसाथ प्रसारित करिब एक महिने लामो कार्यक्रम नगर स्तरिय हाजिरीजवाफ प्रतियोगिता भव्यताका साथ सम्पन्न भएको छ ।

क्षिरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका र वटेश्वर गाउँपालिकाका १८ ओटा विद्यालय सहभागी कार्यक्रममा क्षिरेश्वरनाथ नगरपालिका ७ महेन्द्रनगर स्थित रहेको गंगोत्री बो.स्कुल प्रथम स्थान हासिल गरेको छ भने दशर्निया रामेश्वर सिंह कुशवाहा एकेडमी दोस्रो र मिथिला नगरपालिका ढल्केवर स्थित रहेको श्री महेन्द्र मा.वि. तेस्रो स्थान ल्याउन सफल भएको छ ।

विद्यार्थीहरुको ज्ञानको स्तर वढाउने उदेश्यका साथ प्रसारित कार्यक्रममा सहभागी विद्यार्थीहरुलाई प्रमाणपत्र सहित गिफट स्वरुप समान्यज्ञानको किताव उपस्थित अतिथीहरुको हाथबाट प्रदान गरिएको थियो । रोहित खनाललाई सम्मान गरिएको छ ।

दुधमती एफ.एम. का विजय दास द्वारा संचालन गरिएको कार्यक्रममा सहयोगी यसोदा गुरुङ्ग उपस्थित अतिथीहरुलाई स्वागत गरेका थिए भने करिब एक महिनाको हाजिरी जवाफ प्रतियोगिताका संचालक सुरेश साह, प्राविधिक कृष्ण यादव, रोहित खनाललाई सम्मान गरिएको छ ।

**दुधमती मिडिया प्रा.ली. द्वारा संचालित**
**(अपन संस्कृति अपन पहिचान)**
दुधमती एफ.एम. १०४ मेगाहर्ज
**क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा**
दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा